विधेयक सङ्ख्या :

# नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक

**व्यवस्थापिका–संसद सचिवालय**

**संसद भवन**

**सिंहदरबार**

## उद्देश्य र कारण

भाषा आयोगको सिफारिसमा नेपाल सरकारले नेपालमा बोलिने सबै मातृ भाषाहरू तथा सरकारी कामकाजको भाषा भनी निर्धारण गरेका भाषालाई संविधानको अनुसूचीमा समावेश गर्ने, नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा आफ्नो देशको नागरिकता त्याग्ने कारबाही चलाए पछि सङ्घीय कानून बमोजिम नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्ने, प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट महिला, दलित र अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित प्रत्येक प्रदेशको जनसङ्ख्याको अनुपातमा सङ्घीय कानून बमोजिम निर्वाचित हुने गरी राष्ट्रिय सभामा प्रतिनिधित्व सुनिश्चित गर्ने, प्रदेशको सीमाना परिवर्तनको विषय भए त्यसरी सीमाना परिवर्तन हुने सम्बन्धित सबै प्रदेशको प्रदेश सभाको र अनुसूची-६ सँग सम्बन्धित विषय भए सबै प्रदेश सभाको सहमतिमा संविधान संशोधन गरिने, प्रदेशको सङ्ख्या र सीमाङ्कन हेरफेर सिफारिस गर्ने सङ्घीय आयोगको गठन गर्ने तथा संविधान बमोजिम प्रदेश सभा गठन नभएसम्मको लागि प्रदेश सभाको अधिकार व्यवस्थापिका-संसदले प्रयोग गर्न सक्ने व्यवस्था गरी संविधानलाई सर्वस्वीकार्य बनाउने समेतको प्रयोजनको लागि यो संशोधन विधेयक पेस गरेको छु ।

अजयशङ्कर नायक
मन्त्री
कानून, न्याय तथा संसदीय
मामिला

## **<u>नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक</u>**

**<u>प्रस्तावना</u>** : नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो संशोधन जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस संशोधनको नाम "नेपालको संविधान (दोस्रो संशोधन), २०७३"रहेकोछ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपालको संविधानको धारा ६ मा संशोधन</u>**: नेपालको संविधान ( यस पछि "संविधान" भनिएको) को धारा ६ को अन्त्यमा देहायको वाक्यांश थपिएको छ :–

"नेपाल सरकारले भाषा आयोगको सिफारिसमा सबै मातृ भाषाहरूलाई संविधानको अनुसूचीमा समावेश गर्नेछ ।"

३. **<u>संविधानको धारा ७ मा संशोधन</u>** : संविधानको धारा ७ को उपधारा (२) पछि देहायको उपधारा (२क) थपिएको छ :–

"(२क) भाषा आयोगको सिफारिसमा नेपाल सरकारले सरकारी कामकाजको भाषा भनी निर्णय गरिएका भाषाहरूलाई संविधानको अनुसूचीमा समावेश गर्नेछ ।"

४. **<u>संविधानको धारा ११ मा संशोधन</u>** : संविधानको धारा ११ को उपधारा (६) को सट्टा देहायको उपधारा (६) राखिएको छ :–

"(६) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा आफ्नो देशको नागरिकता त्याग्ने कारबाही चलाए पछि सङ्घीय कानून बमोजिम नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्नेछ ।"

५. **<u>संविधानको धारा ८६ मा संशोधन</u>** : संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित तीन जनाका दरले एक्काइस जना र प्रत्येक प्रदेशको जनसङ्ख्याको अनुपातमा सङ्घीय कानून बमोजिम निर्वाचित हुने पैंतीस जना गरी छपन्न जना ।

तर प्रदेशबाट पैँतीस जना सदस्य निर्वाचन गर्दा सम्बन्धित प्रदेशको जनसङ्ख्याको अनुपातमा कम्तीमा चौध जना महिला समेतको प्रतिनिधित्व हुने गरी निर्वाचित गरिनेछ ।"

६. **<u>संविधानको धारा २१५ मा संशोधन</u>** : संविधानको धारा २१५ को उपधारा (९) मा रहेका "उपधारा (७)" भन्ने शब्दहरूको सट्टा "उपधारा (८)" भन्ने शब्दहरू राखिएका छन् ।

७. **<u>संविधानको धारा २७४ मा संशोधन</u>** : संविधानको धारा २७४ को,–

(१) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएकोछ :-

"(४) उपधारा (२) बमोजिम पेश भएको विधेयक देहायको विषयसँग सम्बन्धित भएमा सम्बन्धित सदनको सभामुख वा अध्यक्षले त्यस्तो विधेयक सदनमा पेश भएको तीसदिनभित्र सहमतिको लागि देहायको प्रदेश सभामा पठाउनु पर्नेछ :-

(क) प्रदेशको सीमाना परिवर्तनको विषय भए त्यसरी सीमाना परिवर्तन हुने सम्बन्धित सबै प्रदेशको प्रदेश सभामा,

(ख) अनुसूची-६ को विषय भए सबै प्रदेश सभामा ।"

(२) उपधारा (५) मा रहेका "सङ्घीय संसदमा" भन्ने शब्दहरुको सट्टा "सङ्घीय संसदको सम्बन्धित सदनमा" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपधारा (७) मा रहेको "अवधिभित्र" भन्ने शब्द पछि "उपधारा (४) कोखण्ड (क) बमोजिमको विषयमा सम्बन्धित कुनै एक प्रदेश सभा र खण्ड (ख) बमोजिमको विषयमा" भन्ने शब्दहरू थपिएका छन्।

(४) उपधारा (८) मा रहेका "उपधारा (५) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपधारा (४) को खण्ड (क) बमोजिमको विषयमा सम्बन्धित सबै प्रदेश सभा र खण्ड (ख) बमोजिमको विषयमा" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपधारा (८) पछि देहायको उपधारा (८क) थपिएको छः-

"(८क) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभा गठन नभएसम्मको लागि सङ्घीय संसदले प्रदेश सभाको सहमति नभए पनि उपधारा (४) को खण्ड (क) बमोजिमको विषयसँग सम्बन्धित विधेयक पारित गर्न सक्नेछ।"

(६) उपधारा (९) मा रहेका "उपधारा (८)" भन्ने शब्दहरू पछि "वा (८क)" भन्ने शब्दहरू थपिएका छन् ।

८. **<u>संविधानको धारा २८७ मा संशोधन</u>** : संविधानको धारा २८७ को उपधारा (६) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) धारा ६ बमोजिमका नेपालमा बोलिने सबै मातृ भाषाहरूको सूची तयार गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने ।"

९. **संविधानमा धारा २८७क. थप** : संविधानको धारा २८७ पछि देहायको धारा २८७क. थपिएकोछ :-

"**२८७क. सङ्घीय आयोगको गठन** : (१) प्रदेशको सङ्ख्या तथा सीमाङ्कन हेरफेर सम्बन्धी विषयमा सिफारिस गर्न नेपाल सरकारले एक सङ्घीय आयोग गठन गर्न सक्नेछ।

(२) उपधारा (१) बमोजिमको आयोगको कार्यादेश तथा कार्यावधि त्यस्तो आयोग गठन गर्दा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।"

१०. **संविधानको धारा २९5 मा संशोधन** : संविधानको धारा २९५ को,-

(१) शीर्षकमा रहेको "सङ्घीय" भन्ने शब्द झिकिएको छ ।

(२) उपधारा (१) झिकिएको छ ।

११. **संविधानको धारा २९६ मा संशोधन** : संविधानको धारा २९६ को,-

(१) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएको छ :-

"(४) यस संविधान बमोजिम प्रदेश सभा गठन नभएसम्मको लागि प्रदेश सभाको अधिकार उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले प्रयोग गर्न सक्नेछ।"

(२) उपधारा (४) पछि देहायको उपधारा (४क) थपिएको छ :-

"(४क) उपधारा (४) बमोजिमको अधिकार प्रयोग गरी बनेको कानून प्रदेश सभा गठन भएको मितिले एक वर्षपछि त्यस्तो प्रदेशको हकमा स्वतः निष्कृय हुनेछ।"

**नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयकको तीनमहले**

| क्र.सं. | संविधानको धारा | मौजुदा व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| 1 | धारा 6 | नरहेको | धारा ६ को अन्त्यमा देहायको वाक्यांश थपिएको छ :- "नेपाल सरकारले भाषा आयोगको सिफारिसमा सबै मातृ भाषाहरूलाई संविधानको अनुसूचीमा समावेश गर्नेछ ।" | भाषा आयोगको सिफारिशमा नेपालमा बोलिने सबै मातृ भाषाहरूलाई संविधानको अनुसूचीमा राख्न आवश्यक भएकोले । |
| 2 | धारा ७ | नरहेको | धारा ७ को उपधारा (2) पछि देहायको उपधारा (2क) थपिएको छ :- "(2क) भाषा आयोगको सिफारिसमा नेपाल सरकारले सरकारी कामकाजको भाषा भनी निर्णय गरिएका भाषाहरूलाई संविधानको अनुसूचीमा समावेश गर्नेछ ।" | भाषा आयोगको सिफारिसमा नेपाल सरकारले सरकारी कामकाजको भाषा कायम गर्न र त्यस्तो भाषालाई संविधानको अनुसूचीमा राख्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| 3 | धारा 11 को उपधारा (६) | "नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ ।" | धारा ११ को उपधारा (६) को सट्टा देहायको उपधारा (६) राखिएको छ :-<br>"(६) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा आफ्नो देशको नागरिकता त्याग्ने कारबाही चलाए पछि सङ्घीय कानून बमोजिम नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्नेछ ।" | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा आफ्नो देशको नागरिकता त्याग्ने कारबाही चलाए पछि सङ्घीय कानून बमोजिम नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्ने व्यवस्था गर्न आवश्यक भएकोले । |
| 4 | धारा 86 को उपधारा (२) को खण्ड (क) | (क) प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानून बमोजिम प्रदेश सभाका सदस्य, | धारा ८६ को उपधारा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-<br>(क) प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित तीन जनाका | प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डलद्वारा प्रदेशको जनसङ्ख्याको अनुपातमा सङ्घीय कानून बमोजिम |

| | | | | |
|---|---|---|---|---|
| | | गाउँपालाकका अध्यक्ष र उपध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी निर्वाचित छपन्न जना, | दरले एक्काइस जना र प्रत्येक प्रदेशको जनसङ्ख्याको अनुपातमा सङ्घीय कानून बमोजिम निर्वाचित हुने पैंतीस जना गरी छपन्न जना ।<br>तर प्रदेशबाट पैंतीस जना सदस्य निर्वाचन गर्दा सम्बन्धित प्रदेशको जनसङ्ख्याको अनुपातमा कम्तीमा चौध जना महिला समेतको प्रतिनिधित्व हुने गरी निर्वाचित गरिनेछ । | समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरी राष्ट्रिय सभाको गठन गर्न आवश्यक भएकोले । |
| 5 | धारा 215 को उपधारा (९) | (७) अध्यक्ष वा उपाध्यक्षको एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा उपधारा (७) बमोजिम पद रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा हुनेछ । | धारा २१५ को उपधारा (९) मा रहेका "उपधारा (७)" भन्ने शब्दहरूको सट्टा "उपधारा (८)" भन्ने शब्दहरू राखिएका छन् । | अध्यक्ष वा उपाध्यक्षको पद रिक्त हुने व्यवस्था उपधारा (८) मा भएकोले । |
| 6 | धारा 274 | (४) उपधारा (२) बमोजिम पेस भएको विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन वा अनुसूची-६ मा उल्लिखित विषयसँग सम्बन्धित भएमा त्यस्तो | धारा 274 को,-<br>(1) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएको छ :-<br>"(४) उपधारा (२) बमोजिम पेश भएको विधेयक | प्रदेशको सीमाना परिवर्तनको विषय भए त्यसरी सीमाना परिवर्तन हुने |

| | | | | |
|---|---|---|---|---|
| | | विधेयक सङ्घीय संसदमा प्रस्तुत भएको तीस दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनु पर्नेछ । | देहायको विषयसँग सम्बन्धित भएमा सम्बन्धित सदनको सभामुख वा अध्यक्षले त्यस्तो विधेयक सदनमा पेश भएको तीसदिनभित्र सहमतिको लागि देहायको प्रदेश सभामा पठाउनु पर्नेछ :-<br>(क) प्रदेशको सीमाना परिवर्तनको विषय भए त्यसरी सीमाना परिवर्तन हुने सम्बन्धित सबै प्रदेशको प्रदेश सभामा,<br>(ख) अनुसूची-६ को विषय भए सबै प्रदेश सभामा ।"<br>(२) उपधारा (५) मा रहेका "सङ्घीय संसदमा" भन्ने शब्दहरूको सट्टा "सङ्घीय संसदको सम्बन्धित सदनमा" भन्ने शब्दहरू राखिएका छन्।<br>(३) उपधारा (७) मा रहेको "अवधिभित्र" भन्ने शब्द पछि "उपधारा (४) को खण्ड (क) बमोजिमको विषयमा सम्बन्धित कुनै एक प्रदेश सभा र खण्ड (ख) बमोजिमको विषयमा" भन्ने शब्दहरू राखिएका छन्।<br>(४) उपधारा (८) मा रहेका "उपधारा (५) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपधारा (४) को खण्ड (क) बमोजिमको विषयमा सम्बन्धित सबै प्रदेश सभा र खण्ड | सम्बन्धित सबै प्रदेशको प्रदेश सभामा र अनुसूची-६ को विषय भए सबै प्रदेश सभामा सहमतिको लागि पठाउने व्यवस्था गर्न तथा प्रदेश सभा गठन हुन बाँकी रहेको विद्यमान अवस्थामा प्रदेश सभाको सहमति लिने व्यवस्था सन्दर्भिक नभएकोले प्रदेश सभाको सहमति नभए पनि प्रदेशको सीमाना परिवर्तन सम्बन्धी विधेयक पारित गर्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | (ख) बमोजिमको विषयमा" भन्ने शब्दहरू राखिएका छन्।<br>(५) उपधारा (८) पछि देहायको उपधारा (८क) थपिएको छः-<br>"(८क) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभा गठन नभएसम्मको लागि सङ्घीय संसदले प्रदेश सभाको सहमति नभए पनि उपधारा (४) को खण्ड (क) बमोजिमको विषयसँग सम्बन्धित बिधेयक पारित गर्न सक्नेछ।"<br>(६) उपधारा (९) मा रहेका "उपधारा (८)" भन्ने शब्दहरू पछि "वा (८क)" भन्ने शब्दहरू थपिएका छन् । | |
| 7 | धारा 287 | नरहेको | उपधारा (६) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-<br>"(क१) धारा ६ बमोजिमका नेपालमा बोलिने सबै मातृ भाषाहरूको सूची तयार गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने ।" | नेपालमा बोलिने सबै मातृ भाषाहरूको सूची तयार गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था गर्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| 8 | धारा 287क थप | थप गरिएको | २८७क. सङ्घीय आयोगको गठन : (१) प्रदेशको सङ्ख्या तथा सीमाङ्कन हेरफेर सम्बन्धी विषयमा सिफारिस गर्न नेपाल सरकारले एक सङ्घीय आयोग गठन गर्न सक्नेछ ।<br>(२) उपधारा (१) बमोजिमको आयोगको कार्यादेश तथा कार्यावधि त्यस्तो आयोग गठन गर्दा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । | प्रदेशको सङ्ख्या तथा सीमाङ्कन हेरफेरको विषय सङ्क्रमणकालीन प्रबन्ध अन्तर्गत रहने विषय नभई जुनसुकै समयमा आवश्यक पर्ने विषय भएकोले यस सम्बन्धमा सिफारिस गर्न नेपाल सरकारले एक सङ्घीय आयोग गठन गर्ने व्यवस्था गर्न आवश्यक भएकोले । |
| 9 | धारा 295 | 295. सङ्घीय आयोगको गठन : (१) प्रदेश सीमाङ्कन सम्बन्धी विषयमा सुझाव दिन नेपाल सरकारले एक सङ्घीय आयोग | धारा २९५ को शीर्षकमा रहेको "सङ्घीय" भन्ने शब्द र उपधारा (१) झिकिएको छ । | प्रस्तावित संशोधन विधेयकले संविधानमा धारा 287 क. मा सङ्घीय आयोग |

| | | | | |
|---|---|---|---|---|
| | | गठन गर्न सक्नेछ । | | गठनको व्यवस्था गरेको हुँदा धारा २९५ को शीर्षकमा रहेको "सङ्घीय" भन्ने शब्द र उपधारा (१) झिक्न आवश्यक भएकोले । |
| 10 | धारा 296 | धारा 296 को,-<br>(4) यो संविधान प्रारम्भ भएपछि प्रदेश सभा गठन नभएसम्म अनुसूची-६ बमोजिमको विषयमा कानून बनाउने प्रदेश सभाको अधिकार उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदमा रहनेछ । त्यसरी बनेको कानून यो संविधान बमोजिमको प्रदेश सभा गठन भएको मितिले एक वर्षपछि त्यस्तो प्रदेशको हकमा निष्कृय हुनेछ । | धारा 296 को,-<br>(१) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएको छ :-<br>"(४) यस संविधान बमोजिम प्रदेश सभा गठन नभएसम्मको लागि प्रदेश सभाको अधिकार उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले प्रयोग गर्न सक्नेछ ।"<br>(२) उपधारा (४) पछि देहायको उपधारा (४क) थपिएको छ :-<br>"(४क) उपधारा (४) बमोजिमको अधिकार प्रयोग गरी बनेको कानून प्रदेश सभा गठन भएको | प्रदेश सभा गठन नभएसम्मको लागि प्रदेश सभाको अधिकार उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले प्रयोग गर्न सक्ने व्यवस्था गर्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | मितिले एक वर्षपछि त्यस्तो प्रदेशको हकमा स्वतः निष्कृय हुनेछ।" | |

**नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी**

| विधेयकको दफा | सम्बन्धित धारा | धारा शीर्षक | व्यवख्यात्मक टिप्पणी |
|---|---|---|---|
| 2 | ६ | राष्ट्र भाषा | धारा ६ को अन्त्यमा नेपाल सरकारले भाषा आयोगको सिफारिसमा सबै मातृ भाषाहरूलाई संविधानको अनुसूचीमा समावेश गर्ने व्यवस्था थप गरिएको । |
| 3 | 7 | सरकारी कामकाजको भाषा | उपधारा (2क) थप गरी भाषा आयोगको सिफारिसमा नेपाल सरकारले सरकारी कामकाजको भाषा भनी निर्णय गरिएका भाषाहरूलाई संविधानको अनुसूचीमा समावेश गर्ने व्यवस्था गरिएको । |
| 4 | 11 | नेपालको नागरिक ठहर्ने | उपधारा (६) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा आफ्नो देशको नागरिकता त्याग्ने कारबाही चलाए पछि सङ्घीय कानून बमोजिम नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्ने व्यवस्था गरिएको । |
| 5 | 86 | राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि | उपधारा (२) को खण्ड (क) मा प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डलद्वारा प्रदेशको जनसङ्ख्याको अनुपातमा सङ्घीय कानून बमोजिम समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरी प्रत्येक प्रदेशको जनसङ्ख्याको अनुपातमा निर्वाचित हुने गरिएको । |
| 6 | 215 | गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था | अध्यक्ष वा उपाध्यक्षको पद रिक्त हुने व्यवस्था उपधारा (८) मा भएकोले सोही बमोजिम मिलाइएको । |
| 7 | 274 | संविधान संशोधन | उपधारा (४) मा प्रदेशको सीमाना परिवर्तनको विषय भए त्यसरी सीमाना परिवर्तन हुने सम्बन्धित सबै प्रदेशको प्रदेश सभामा र अनुसूची-६ को विषय भए सबै प्रदेश सभामा सहमतिको लागि पठाउने व्यवस्था गरिएको तथा उपधारा (८) पछि उपधारा (८क) थपी प्रदेश सभा गठन नभएसम्मको लागि सङ्घीय संसदले प्रदेश सभाको सहमति नभए पनि उपधारा (४) को खण्ड (क) बमोजिमको विषयसँग |

| | | | |
|---|---|---|---|
| | | | सम्बन्धित विधेयक पारित गर्न सक्ने व्यवस्था गरिएको । |
| 8 | 287 | भाषा आयोग | नेपाल सरकारले नेपालका सबै मातृभाषाहरूलाई संविधानको अनुसूचीमा समावेश गर्ने व्यवस्था प्रस्ताव गरेको सन्दर्भमा उपधारा (६) को खण्ड (क१) मा भाषा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत नेपालमा बोलिने सबै मातृ भाषाहरूको सूची तयार गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने व्यवस्था गरिएको । |
| 9 | 287क. | सङ्घीय आयोगको गठन (थपिएको) | धारा 287 पछि धारा 287क. थपी प्रदेशको सङ्ख्या र सीमाङ्कन हेरफेर सम्बन्धी सिफारिस गर्न नेपाल सरकारले एक सङ्घीय आयोगको गठन गर्न सक्ने व्यवस्था गरिएको । |
| 10 | 295 | सङ्घीय आयोगको गठन | नेपाल सरकारले संविधानमा धारा 287 क. थपी प्रदेशको सङ्ख्या र सीमाङ्कन हेरफेर गर्ने विषयमा सिफारिस गर्न सङ्घीय आयोगको गठन गर्न सक्ने व्यवस्था प्रस्ताव गरेकोले धारा 295 को शीर्षकमा रहेको " सङ्घीय" भन्ने शब्द र उपधारा ( १) झिकिएको । |
| 11 | 296 | संविधान सभा व्यवस्थापिकामा रूपान्तरण हुने | उपधारा (४) मा यस संविधान बमोजिम प्रदेश सभा गठन नभएसम्मको लागि प्रदेश सभाको अधिकार उपधारा ( १) बमोजिमको व्यवस्थापिका-संसदले प्रयोग गर्न सक्ने व्यवस्था गरिएको । |